नेपाली संस्करण

## 【 119 नम्बर हटलाइन बार्ता (आपतकालीन टेलिफोन)को डाएल गर्नेतरिका । 】

○ जापानमा, 119 नम्बरमा फोन डाएल गर्यो भने, आपतकालीन समयमा, दमकल तथा एम्बुलेन्सलाई बोलाउन सकिन्छ ।

○ 119 नम्बर हटलाइन डाएल चाहिँ घरको फोन अथवा मोबाइलफोनमा एरिया कोड नभएपनि 「119」 फोनलाग्छ ।

○ हटलाइन डाएल गर्दा, नआत्तीकन 119 नम्बर अपरेटर (संचार प्रेषक) को निर्देशनलाई कृपया सुन्नुहोस् |

○ हटलाइन डाएल चाहि भाषा सहित, १७ थरीका भाषाहरु सामबेश गरिएकोछ | जापानिजभाषा बोल्न नजान्ने हरुकालागि चाहिँ अपरेटरले 「I will use a translator. Please wait a moment.」 ("म अनुवादक प्रयोग गर्छु। कृपया केहि बेर पर्खनुहोस्।") भनेर भन्दछन, र तुरन्तै अनुवादक सेन्टरमा फोन जोडीन्छ | फोनको लाइन नकाटी पर्खेर बस्नुहोला |

※ फोनबार्ता चाहिँ, तलको तालिका अनुसार हुनेछ ।
(जापानिज भाषा बोल्न नसक्नेहरुका लागि, अनुवादक पनि सगै भएर 3 जनाको बीचमा कुराकानी हुनेछ)

| वक्ता | आगलागीको बेलामा | बिरामी तथा घाइते भएको बेलामा |
|---|---|---|
| अपरेटर | 119 नम्बर, यो अग्नि नियन्त्रण बिभाग् हो \|<br>आगलागि हो कि? इमर्जेन्सी (एम्बुलेन्स) हो? | 119 नम्बर, यो अग्नि नियन्त्रण बिभाग् हो \|<br>आगलागि हो कि? इमर्जेन्सी (एम्बुलेन्स) हो? |
| तपाई | आगलागी हो \| | एम्बुलेन्स हो \| |
| अपरेटर | दमकल आउनु पर्ने ठेगाना भन्नुहोस \|<br>कुन कू, कुन माची हो ? | एम्बुलेन्स आउनु पर्ने ठेगान भन्नुहोस \|<br>कुन कू, कुन माची हो ? |
| तपाई | यो कु , यो माची , यो च्यो , यो नम्बर, यो कोठा हो \| | यो कु , यो माची , यो च्यो , यो नम्बर, यो कोठा हो \| |
| अपरेटर | कति तलाको बिल्डिंग को कुन तलामा आगलागि भएको हो ? | बिरामी हुनुभएको हो, वा घाइते हुनुभएको ?<br>बिरामीको उमेर, महिला होकि पुरुष भन्नुहोस ? |
| तपाई | (उदाहरण) दुई तले घरको पहिलो तल्लाबाट धूवा आई राखेको छ \| | (उदाहरण 1) बिरामी हो \| ५० वर्षको पुरुष हो \|<br>(उदाहरण 2) घाइते भएको हो। ३० वर्षको महिला हो। |
| अपरेटर | के जलिरहेको छ ? | बिरामी वा घाइते व्यक्ति कुरा गर्न सक्नुहुन्छ ? |
| तपाई | (उदाहरण) फ्राइपेनको तेल जलीराखेको छ \| | (उदाहरण 1) सक्दैन \|<br>(उदाहरण 2) सक्छ \| |
| अपरेटर | त्यहाँ कोहि आफै बाहिर भाग्न नसक्ने व्यक्ति हुनुहुन्छ ? | (उदाहरण 1) कुममा बिस्तारै थपथपाए र आवाज दिदै गर्नुहोला \|<br>आखा इम्काउने वा शरीर चलिरहेको छ ?<br>(उदाहरण 2) रगत बगीरहेको छ की ? |
| तपाई | (उदाहरण 1) सबैजना बाहिर निस्क्यौ \|<br>(उदाहरण 2) त्यहाँ भित्र कोही छ जस्तो देखिन्छ। | (उदाहरण 1) कत्तिपनि शरीर चलेको छैन \|<br>(उदाहरण 2) टाउकोको देब्रेपट्टी बाट रगत बगीरहेको छ \| |

○ यो टेलिफोन बार्ताको भागलाई प्रिन्ट गरेर तपाईंको फोनको नजिकमा टाँस्नुहोला ।